# COVID-19 संकटको समयमा केहि मद्दत चाहिन्छ?

VERMONT LEGAL AID
LEGAL SERVICES VERMONT
WORKING TOGETHER FOR JUSTICE

भर्मान्ट कानूनी सहायता र कानूनी सेवा भर्मन्ट यहाँ मद्दतको लागि छन्!
यहाँ मद्दत प्राप्त गर्ने सात तरिकाहरू छन् ताकि तपाई र तपाईको परिवार स्थिर रहनुहुनेछ:

## 1 भाडा र उपयोगिताहरुको लागि पैसा र सर्नको लागि पैसा ।



- के तपाई भाडा तिर्नमा पछाडि हुनुहुन्छ? भाडा तिर्न संघर्ष गर्दै हुनुहुन्छ ? असुरक्षित अवस्थामा जीवन निर्वाह गर्दै हुनुहुन्छ? वा घरबारविहीनताको अनुभव गर्दै हुनुहुन्छ? यदि तपाईंको पारिवारिक आय क्षेत्र मेडियाियन आयको ८०% भन्दा कम छ भने, तपाईं भर्मन्ट आपतकाल भाडा सहायता कार्यक्रम (VERAP) को लागि योग्य हुन सक्नुहुन्छ। कसरी आवेदन गर्ने भन्ने बारेमा सिक्नुहोस् https://vtlawhelp.org/money-for-rent.
- योग्य आवेदकहरूले निम्न मध्ये कम्तिमा एउटा अनुभव गरेका छन्:
  - COVID-19 को कारण लागत बढ्यो (मास्कहरू र हात सेनिटाइजर किन्नु भएको पनि गिन्तीमा आउछ)
  - बेरोजगारीका लागि योग्य
  - कम आयकम आय
  - तपाइको आमदानीबाट ३०% भन्दा धरै भाडा र उपयोगिताहरूमा खर्च हुन्छ
- तपाइले पाउन सक्नु हुन्छ:
  - बिगत १२ महिनासम्म बाँकी, वर्तमान र / वा भविष्यको भाँडा
  - सर्नको लागि मधत जस्तै धरौटी पुद्दत, पहिलो र पछिल्लो महिनाको भाँडा
  - प्रत्येक प्रकारको उपयोगिताको (युटिलिटी) लागि १२ महिनासम्म सहायता
- भर्मान्ट कानूनी सहायताले तपाईंलाई भाँडा वा उपयोगिता सहयोग प्राप्त गर्न, तपाईंलाई सुविधाको बारेमा सल्लाह दिन वा तपाईंलाई अस्वीकारको लागि अपील गर्न मद्दत गर्न सक्छ । हामीलाइ १-८००-८८९-२०४७ मा कल गर्नुहोस् र २ थिच्नुहोस्।

## 2 धितो भुक्तानी र सम्पत्ति कर को लागी पैसा

- भर्मन्ट हाउसिंग फाइनेन्स एजेन्सी (VHFA) ले अब भर्मन्ट कोभिड आपतकालीन धितो सहायता कार्यक्रम (MAP) को दोस्रो चरणको लागि आवेदनहरू स्वीकार गरिरहेको छैन।
- यो यदि तपाईले MAP लागि आवेदन दिनु भएको छ भने तपाईले आफ्नो आवेदनको स्थिति यहाँ हेर्न सक्नुहुन्छ। www.vhfa.org/map/
- VHFA ले यस वर्ष भित्र नयाँ घरमालिक सहयोग कोष (HAF) कार्यक्रम शुरू गर्नेछ। https://www.vhfa.org/news/HAF



- HAF कार्यक्रम जनवरी २१, २०२० पछि कोभिड- १९ महामारीको कारणले आर्थिक कठिनाई भोगेका भर्मन्टर्सहरुका लागि उपलब्द हुनेछ।
- HAF कार्यक्रमले धितो सहायता, उपयोगिता सहायता, सम्पत्ति कर सहायता, र घर मर्मत सहायता जस्ता मद्दत प्रदान

गर्नेछ।

- यदि तपाईंले पहिले आवेदन गर्नुभयो, वा पहिले MAP मद्दत प्राप्त गर्नुभएको भने, तपाईंले अझै पनि यो नयाँ प्रोग्रामको लागि आवेदन दिन सक्नुहुनेछ ।

## 3 यदि तपाईलाइ घर निकाला गरेको छ भनि तपाइलाईको लागि मद्दत

- तपाइलाई अदालतको प्रक्रियाबाट नगए सम्म निकाला गर्नु मिल्दैन।
- यदि तपाईंलाई भाँडा तिर्न मद्दत चाहिएमा, माथि #१ अन्तर्गत VERAP कार्यक्रम हेर्नुहोस्।
- कानूनी सेवा भर्मन्ट र भर्मान्ट कानूनी सहायता तपाईंलाई सल्लाह दिन सक्छ, र तपाईंको निकाला ढिलाइ गर्न वा रोक्न मद्दत गर्न सक्छ। हामीलाई १-८००-८८९-२०४७ मा कल गर्नुहोस्।.

## 4 खाद्य सहयोग

- तपाईं 3SquaresVT का लागि योग्य हुन सक्नुहुन्छ। dcf.vermont.gov/mybenefits/apply मा अनलाइन आवेदन दिनुहोस् वा बच्चा र परिवारका लागि विभाग (DCF) लाई १-८००-४७९-६१५१ मा कल गर्नुहोस्। तपाईं VFBSNAP टेक्स्टीङ्ग गरि ८५५११ मा पठाएर भर्मन्ट फूडबैंकमा 3SquaresVT अनुप्रयोग सहायता टोलीमा सम्पर्का  गर्न सक्नुहुन्छ; वा १-८५५-८५५-६१८१ मा कल गरेर; वा 3SVT@vtfoodbank.org मा ई-मेलि गरि सम्पर्का गर्न  पनि  सक्नुहुन्छ।
- तपाईंको परिवारको पोषण आवश्यकताहरू पूर्ण गर्न मद्दतको लागि धेरै कार्यक्रमहरू उपलब्ध छन्। अधिक जानकारीका लागि भर्मन्ट फूडबैंक को वेबसाइटमा www.vtfoodbank.org वा २-१-१ लाई कल गर्नुहोस् ।
- भर्मन्ट कानूनी सहायताले केहि 3SquaresVT समस्याहरूको लागि कानुनी मद्दत प्रदान गर्न सक्छ। विशेष गरि, यदि तपाइँ अधिक भुक्तानी वा जानबूझि कार्यक्रम उल्लंघन सूचना प्राप्त गर्नुभएको छ भने, हामीलाई १-८००-८८९-२०४७  मा कल गर्नुहोस्। यदि तपाईंको आवेदन अस्वीकार गरिएको छ भने, DCF लाई  १-८००-४७९-६१५१  मा कल गर्नुहोस् र सोध्नुहोस् किन। यदि तपाइँ सोच्नुहुन्छ कि DCF ले तपाइँको स्थितिमा नियमहरु सही तरीकाले लागू गरेको छैन भने, हामीलाई १-८००-८८९-२०४७ मा कल गर्नुहोस्।

## 5 बेरोजगारी लाभहरू

- यदि तपाईंले आफ्नो जागिर गुमाउनु भयो वा COVID-19 को कारणले तपाईंको घण्टा काटिएको छ भने, तपाईं ७९ हप्ता, वा सेप्टेम्बर ४, २०२१ सम्म बेरोजगारी लाभका लागि योग्य हुन सक्नुहुन्छ। आवेदन दिन, बेरोजगारी दावीकर्ता सहायता केन्द्रलाई १-८७७-२१४-३३३० मा सम्पर्क गर्नुहोस् वा https://labor.vermont.gov/unemployment-insurance मा हेर्नुहोस्।
- के भर्मन्ट श्रम विभाग (DOL) ले भन्यो कि तपाईलाई धेरै बेरोजगारी फाइदा प्राप्त भयो? यदि तपाईं असहमत हुनुहुन्छ भने, तपाईंले अपील गर्नुपर्छ। https://vtlawhelp.org/vermont-unemployment-benefits-coronavirus#overpayment मा के गर्ने जान्नुहोस्।
- अपीलमा सल्लाहको लागि, वा यदि तपाईंलाई थाहा छैन कि तपाईंको फाइदाहरू किन रोकियो, वा यदि तपाईंले DOL बाट जवाफ प्राप्त गर्नु भएन भनि, १-८००-८८९-२०४७ मा भर्मान्ट कानूनी सहायतालाई सम्पर्क गर्नुहोस्।

## 6 स्वास्थ्य सेवा ढाक

- तपाईं र तपाईंको परिवार मेडिकेडको लागि योग्य हुन सक्नुहुन्छ। यदि तपाईले मेडिकेड प्राप्त गर्नु भएन भने, तपाईले भर्मन्ट

हेल्थ् कनेक्ट कभरेजको साथ आर्थिक सहायता प्राप्त गर्न सक्नुहुने छ। सबै बीमा नभएको भर्मन्टर्सहरुले अक्टूबर २०२१ सम्म भर्मन्ट हेल्थ् कनेक्टको लागि साइन अप गर्न सक्नुहुने छ।

- यदि तपाईंसँग भर्मन्ट हेल्थ् कनेक्ट छ भने, तपाईं आफ्नो बीमा-किस्ता भुक्तान गर्न थप मद्दतको लागि योग्य हुन सक्नुहुन्छ। तपाईंले २०२१ मा भर्मन्ट हेल्थ् कनेक्टमार्फत थप वित्तीय सहयोग प्राप्त गर्न सक्नुहुनेछ यदि तपाईं वा घरपरिवारको सदस्यले यस वर्ष कुनै पनि बिन्दुमा बेरोजगारी बीमा प्राप्त गर्नुभयो र बिमाको अर्को प्रस्ताव छैन भने।
- हाम्रो स्वास्थ्य देखभाल अधिवक्ताको कार्यालयले तपाइँलाई तपाइँको विकल्पहरू बुझ्न मद्दत गर्न सक्छ। हामी तपाईंलाई आवेदन दिन, समस्याहरू सुल्झाउन, र स्वास्थ्य बीमा प्रश्नहरूको जवाफ दिन मद्दत गर्न सक्छौं। यदि तपाईंलाई कभरेज वा सेवाहरूको लागि अस्वीकार गरियो भने हामी पनि मद्दत गर्दछौं। नि: शुल्क मद्दत प्राप्त गर्न हामीलाई १-८००-९१७-७७८७ मा कल गर्नुहोस्।

## 7 विस्तारित बाल कर श्रेय

- चाइल्ड् टाय्क्स क्रेडिट (CTC) २०१२ को लागि विस्तार गरिएको छ र यसले जुलाई २०२१ भित्र अग्रिम भुक्तानी प्रदान गर्नेछ। १८ वर्ष भन्दा मुनिका बालकहरुको श्रेय प्रति गरेर $३,००० सम्म बढाइएको छ (वा $३,६०० प्रति ६ वर्ष भन्दा मुनिका बच्चाहरुक लागि)
- IRS ले तपाईको २०२० कर फिर्ताको जानकारी निर्धारण गर्नको लागी प्रयोग गर्नेछ कि तपाईले आय सीमा पुरा गर्नु भयो र तपाई संग कति योग्य आश्रितहरू छन्। यदि तपाईंको २०२० फिर्ता अहिलेसम्म फाइल गरिएको छैन भने, IRS ले कर वर्ष २०१९ को जानकारीबाट प्रयोग गर्नेछ। २०२० को कर फिर्ता चाडै फाइल गर्नुहोस् यदि तपाईंले अहिलेसम्म गर्नुभएको छैन भनि, किनकि यसले IRS लाई यी अग्रिम भुक्तानीहरू पठाउन सबैभन्दा अद्यावधिक जानकारी दिनेछ। यदि तपाईंले आफ्नो २०२० करहरू फाइल गर्नुभयो तर तपाईंसँग आय वा परिवारको आकारमा परिवर्तन आएको छ भने, IRS ले त्यो जानकारी अनलाइन पोर्टलमा संकलन गर्नेछ।
- https://vtlawhelp.org/coronavirus-taxes#CTC मा अधिक सिक्नुहोस्

**थप जान्नको लागि: हामीलाई १-८००-८८९-२०४७ मा कल गर्नुहोस् वा https://vtlawhelp.org हेर्नुहोस्**

अद्यावधिक गरिएको: जून १७, २०२१